श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना

परराष्ट्र मन्त्रालयका सचिव श्री उद्धवदेव भट्ट स्वास्थ्योपचारको लागि बिदालिई स्वदेशबाहिर जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री जगदीशशमशेर राणालाई मिति २०३४।५।२७ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले-
कृष्णबहादुर मानन्धर
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना

जल तथा विद्युत् मन्त्रालयका सचिव श्री कर्णध्वज अधिकारी इस्तानबुल (टर्की) मा संचालन हुने विश्व शक्ति सम्मेलनमा भागलिन जानुभएकोले उहाँ फर्की हाजिर हुन नआउन्जेलसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले खानेपानी तथा ढल निकास विभागका चीफ इन्जिनीयर श्री हिरण्यजित मल्ललाई मिति २०३४।६।१ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले-
कृष्णबहादुर मानन्धर
श्री ५ को सरकारको मुख्य सचिव

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९६